नेपाल लाइफ
इन्स्योरेन्स कं. लि.

# आ.ब ०७८/७९ को प्रथम त्रैमासिकसम्मको वित्तीय परिणाम

## वासलात

| क्र.सं. | विवरण | लेखा परीक्षण नभएको<br>यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परीक्षण नभएको<br>अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परीक्षण नभएको<br>अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | श्रोत (१.१ देखि १.५ सम्म) | १२७,४६०,४४१,१३५ | १२१,३१८,१५७,९३२ | १०४,५९२,७९७,९४३ |
| १.१ | चुक्ता पूँजी | ७,१९९,९७०,६६१ | ७,१९९,९७०,६६१ | ५,४९६,१६०,८१० |
| १.२ | जगेडा तथा कोष | ८६९,६४८,९५५ | १,०१६,३४६,३१३ | ३,६६७,२१२,९४९ |
| १.३ | जीवन बीमा कोष | ११८,७५९,४४६,५५५ | ११२,५१२,९३४,१०० | ९४,८२१,३६३,००९ |
| १.४ | महाविपत्ती कोष जगेडा | ६३१,३७४,९६५ | ५८८,९०६,८५८ | ६०८,०६१,१७६ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | – | – | – |
| २ | उपयोग (२.१ देखि २.६ सम्म) | १२७,४६०,४४१,१३५ | १२१,३१८,१५७,९३२ | १०४,५९२,७९७,९४३ |
| २.१ | स्थिर सम्पत्ति (खुद) | २९८,६९०,६५५ | ३०८,९७२,०७९ | ३११,३६४,६९२ |
| २.२ | दीर्घकालिन लगानी तथा कर्जा | ५०,०५४,५५०,०१४ | ४८,३८१,७३३,४६४ | ४५,१२९,७६९,२८२ |
| २.३ | बीमालेखको धितोमा कर्जा | २०,५७३,२२१,६४८ | १९,५४६,३४२,५१८ | १६,८९३,९९२,११८ |
| २.४ | खुद चालु सम्पत्ति (३-४) | ५६,५३०,३३९,६४९ | ५३,०७७,२६९,६०२ | ४२,२५७,६७१,८५१ |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | ३,६३९,१६९ | ३,८४०,२६९ | – |
| २.६ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | – | – | – |
| | खुद चालु सम्पत्तिको विवरण | | | |
| ३ | चालु सम्पत्ति कर्जा तथा पेश्कीहरू (३.१ देखि ३.३ सम्म) | ६१,९८७,८५९,५८४ | ६०,१९९,५४३,३९३ | ४६,०७९,८४४,९५१ |
| ३.१ | नगद तथा बैंक मौज्दात | २२५,८४४,०२१ | ६४८,६६८,५८६ | ४८०,८७६,८०० |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | ५४,०२८,६३३,२३८ | ४९,२७७,१११,१६१ | ३७,४३४,३२०,४५९ |
| ३.३ | अन्य सम्पत्ती | ७,७३३,३८२,३२६ | १०,२७३,७६३,६४६ | ८,१६४,६४७,६९१ |
| ४ | चालु दायित्व तथा व्यवस्थाहरू (४.१ देखि ४.४ सम्म) | ५,४५७,५१९,९३५ | ७,१२२,२७३,७९१ | ३,८२२,१७३,१०० |
| ४.१ | चालु दायित्व | २,२७९,७६७,१४९ | ३,८३७,०२६,१९९ | १,६७९,००६,०६५ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | २०४,२५६,७२६ | २८१,१२९,३४८ | २१७,९१२,९८९ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | २,२१०,५६३,०८६ | २,५५५,१८९,८२५ | १,४३२,०५८,४४५ |
| ४.४ | अन्य व्यवस्था | ७६२,९३२,९७४ | ४४८,९२८,४१९ | ४९३,१९५,६०० |
| | | – | – | – |

## नाफा-नोक्सान हिसाव

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | २४७,३४७,१८४ | ९२९,६०३,४२७ | ३१२,९३४,३१७ |
| १.१ | आय व्यय हिसाबबाट सारेको | ५६,९८४,४०४ | ३४,८०२,६०३ | ३,५६२,५३८ |
| १.२ | जीवन बीमा कोषबाट सारेको | – | – | – |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | १९०,३६२,७८० | ७०९,२४४,९३२ | २०९,९२२,८५८ |
| १.४ | व्यवस्था फिर्ता | – | १८५,५५५,८९३ | ९९,४४८,९२१ |
| १.५ | अन्य आम्दानी | – | – | – |
| २ | व्यवस्था तथा खर्चहरू (२.१ देखि २.८) | २४०,३१४,०७४ | ३९३,६५९,९९९ | ८३,९३१,७२९ |
| २.१ | व्यवस्थापन खर्च | २१,८१९,८५४ | २४३,८९५,३६५ | २०,१७८,७२० |
| २.२ | अपलेखन खर्च | – | – | – |
| २.३ | अन्य खर्च | – | – | – |
| २.४ | नोक्सानीको लागि व्यवस्था | १८०,८८९,०७६ | – | – |
| २.५ | कर्मचारी आवास व्यवस्था | – | – | – |
| २.६ | कर्मचारी बोनस व्यवस्था | ४,४६३,८२५ | ६८,५७०,८०६ | २९,२७३,४२९ |
| २.७ | आयकर | ३३,१४१,३१९ | ८१,१९३,८२८ | ३४,४७९,५७९ |
| २.८ | जीवन बीमा कोषमा सारेको | – | – | – |
| | खुद नाफा/नोक्सान (१-२) | ७,०३३,१११ | ५३५,९४३,४२८ | २२९,००२,५८९ |

*कम्पनीको बीमाङ्कीय मूल्याङ्कन पश्चात् प्राप्त हुने मुनाफा गणना गरिएको छैन ।

## एकिकृत आय-व्यय हिसाव

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | आय (१.१ देखि १.७ सम्म) | १५,५०२,०९६,१६० | ४३,९२४,४३४,४६३ | १३,१२३,९६८,०९० |
| १.१ | बीमाशुल्क (खुद) | ९,७४७,१९२,६५५ | ३१,९६९,३८९,४३१ | ८,९२५,१५२,६७२ |
| १.२ | पुनर्बीमा कमिशन आय | ६,६२९,००६ | २६,२७४,५७३ | ११,४१०,६३८ |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | २,२०४,५५६,४२४ | ७,७७६,००३,७३७ | १,६८५,७६३,०८४ |
| १.४ | बीमालेखको धितोमा कर्जाबाट आय | ५९८,४९१,५३१ | १,८३३,३४४,९२२ | ५२४,४५४,२८२ |
| १.५ | अन्य प्रत्यक्ष आय | १०९,०२५,३७० | ३०९,९९४,००७ | ९२,७०३,४०० |
| १.६ | यस वर्षको शुरूको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | २,५५५,०७१,८२६ | १,६१६,१४०,७९४ | १,६१६,१४०,७९४ |
| १.७ | यस वर्षको शुरूको असमाप्त जोखिम बापत व्यवस्था | २८१,१२९,३४८ | ३९३,२८६,९९९ | २६८,३४३,२२० |
| २ | व्यय (२.१ देखि २.१० सम्म) | ८,३६४,४१३,६११ | १८,६८१,७१४,९०९ | ७,०४२,९११,३८७ |
| २.१ | दावी भुक्तानी (खुद) | ४,२६१,२३५,१२९ | ८,७८०,४८१,२३४ | ३,८७६,०४३,८२० |
| २.२ | अभिकर्ता कमिशन | ९९६,१०४,५९५ | ३,५५६,३०८,८८९ | ९६८,६२०,८७० |
| २.३ | स्वास्थ्य परीक्षण शुल्क | २,८७४,४३८ | १७,४६८,९५५ | ३,३६८,९०५ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | – | – | – |
| २.५ | सेवा शुल्क (खुद) | ९७,४६७,५३७ | ३१९,२१६,७३९ | ८९,१९६,६४४ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | ६५६,८१० | ३,१०२,६४० | ७७२,०१० |
| २.७ | व्यवस्थापन खर्च | १९६,३७८,६८६ | २,१९५,०५८,२८२ | १८१,६०८,४८३ |
| २.८ | आयकर | ३९४,८७६,६०५ | ९७३,७५८,९९७ | २७३,३२९,२२१ |
| २.९ | यस अवधिको अन्त्यको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था* | २,२१०,५६३,०८६ | २,५५५,१८९,८२५ | १,४३२,०५८,४४५ |
| २.१० | यस अवधिको अन्त्यको असमाप्त जोखिम वापत व्यवस्था | २०४,२५६,७२६ | २८१,१२९,३४८ | २१७,९१२,९८९ |
| ३ | वचत (१-२) | ७,१३७,६८२,५५० | २५,२४२,७१९,५५४ | ६,०८१,०५६,७०३ |
| ३.१ | जीवन बीमा कोषमा सारेको | ७,०८०,६९८,१४६ | २५,२०७,९१६,९५१ | ६,०७७,४९४,१६५ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | ५६,९८४,४०४ | ३४,८०२,६०३ | ३,५६२,५३८ |

*भुक्तानी हुन बाँकी दावी वापत ब्यवस्था अन्तर्गत अवधि समाप्ती (maturity payment), आंशिक अवधि समाप्ती दावी (Survival payment) र मृत्यु दावी (Death claim payment),पर्दछ ।
उल्लेखित रकम मध्य रू २५.४४ करोड मृत्यु दावी (Death claim payment) वापत ब्यवस्था गरिएको छ ।

## अन्य विवरण

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १. | कुल बीमाशुल्क आर्जन रकम (रू.हजारमा) (हाल सम्म) | १६१,६००,८७४ | १५१,६९१,८६५ | १२८,३२१,५५८ |
| | कुल बीमाशुल्क आर्जन रकम (रू.हजारमा) (यस आ.व.) | ९,९०९,००९ | ३२,३६९,७५६ | ८,९९९,४४९ |
| २. | कुल कायम रहेको बीमालेखको संख्या | १,३९३,२५८ | १,३८१,४३३ | १,३१९,७०२ |
| ३. | घोषित मुनाफा (बोनस) को दर (७५-७६ सम्मको) | प्रति हजार रू. ६२/- देखि रू. ८२/- सम्म | प्रति हजार रू. ६२/- देखि रू. ८२/- सम्म | प्रति हजार रू. ६२/- देखि रू. ८२/- सम्म |
| ४. | अन्तरिम मुनाफा (बोनस) को दर (७६-७७ देखि हाल सम्म) | प्रति हजार रू. ६२/- देखि रू. ८२/- सम्म | प्रति हजार रू. ६२/- देखि रू. ८२/- सम्म | प्रति हजार रू. ६२/- देखि रू. ८२/- सम्म |
| ५. | कुल दावी भुक्तानी रकम (रू.हजारमा) | ३,९१६,७२६ | ९,७१९,५३० | ३,६९१,९६१ |
| ६. | कुल दावी भुक्तानी संख्यामा | १६,१२० | ४७,१३७ | १४,४८९ |
| ७. | भुक्तानी हुन बाँकी दावी रकम (रू.हजारमा) | २,२१०,५६३ | २,५५५,१९० | १,४३२,०५८ |

दृष्टव्य: १) कम्पनीको माथि उल्लेखित असमाप्त जोखिम वापतको व्यवस्था बीमाङ्कीय मूल्याङ्कन पश्चात् परिवर्तन हुन सक्ने छ ।
२) वित्तीय विवरणमा उल्लेख गरिएका विवरणहरु लेखा परीक्षण तथा नियमक निकायको निर्देशन पश्चात् हेरफेर हुन सक्ने छ ।

# आ.व. २०७८/०७९ को प्रथम त्रैमासिक प्रतिवेदन

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम १ को प्रयोजनका लागि)

१) वित्तीय विवरण:

क) प्रथम त्रैमासिक अवधिको वासलात, आयव्यय हिसाब तथा नाफा नोक्सान हिसाब सम्बन्धी मिति २०७८/०७/३० गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

बीमाङ्कीय मूल्याङ्कन पश्चात प्राप्त हुने मुनाफा जोड्दा वित्तीय अनुपातहरु फरक पर्न सक्नेछ ।

| | | | | |
|---|---|---|---|---|
| *प्रति शेयर आम्दानी : ०.३९ | प्रति शेयर नेटवर्थ : १२०.८५ | पि.ई. अनुपात : ४३३८.०३ | प्रति शेयर कुल सम्पत्तिको मूल्य : १,८४६ | औसत प्रतिफल दर : १०.२० |


* प्रति शेयर आम्दानी गणना गर्दा अन्तिम शेयर संख्या लिएको छ ।


कम्पनीले शेयर लगानी नोक्सानी वापत रु १८,०८,८९,०७६.०० व्यवस्था गरेको कारण आ.व.२०७८/७९ को प्रथम त्रैमासिक अवधिमा रु. ०.७० करोड मात्र मुनाफा आर्जन गर्न सफल भएको छ । गत वर्ष सोहि अवधिमा रु.२२.९० करोड मुनाफा आर्जन भएको थियो । गत वर्ष सोहि अवधिमा भएको मुनाफाको दाँजोमा यस समिक्षा वर्षको मुनाफामा ९६.९३ प्रतिशतले कमि भएको छ । कम्पनीले असमाप्त जोखिम वापत व्यवस्थाको गणना गर्दा पुल व्यवस्थापन अघि आ.व. २०७५ पौष मसान्त सम्ममा जारी गरिएका वैदेशिक रोजगार विमा मध्ये रु ५,९१,५१,८१२.४३, पुल व्यवस्थापन पश्चात आ.व. २०७६/७७ सम्मको विमाङ्किय मुल्याङ्कनबाट आएको असमाप्त जोखिम वापत व्यवस्था रकमको ५०% रु ११,१७,१३,८५४.०० र आ.व. २०७७/७८ र आ.व. २०७८/७९ को पहिलो त्रैमास सम्मको पुल व्यवस्थापनबाट आएको बिमा शुल्कको ११६.६६% रु ३,३३,९१,०५९.१९ गरि जम्मा रु २०,४२,५६,७२५.६२ व्यवस्था गरेको छ । सो वित्तीय विवरणमा आय व्यय हिसाबबाट रु. ७०८.०७ करोड जीवन बीमाकोषमा सारी कुल जीवन बीमाकोष रु. ११,८७५.९४ करोड भएको छ ।


२) व्यवस्थापकिय विश्लेषण:


क) कम्पनीको प्रथम त्रैमासिक अवधिसम्ममा कुल बीमाशुल्क आर्जन रु. ९९०.९० करोड रहेको छ जुन गत बर्षको सोहि अवधिमा प्राप्त कुल बीमाशुल्क रु. ८९९.९४ करोडको तुलनामा १०.११ प्रतिशतले बृद्धी भएको हो । आकर्षित प्रतिफल, समयानुकुल बजार प्रवर्द्धन रणनीति, बढ्दो जनचेतना र बीमितको सर्वोपरी हितका लागि गर्दै आएका प्रयासका कारण कम्पनीले उच्च बजारहिस्सा ओगड्दै आएको छ ।
कम्पनीले यस प्रथम त्रैमासिक अवधिसम्ममा रु. ३९१.६७ करोड कुल दावी भुक्तानी गरेको छ । कम्पनीले सकेसम्म छिटो र छरितो तरिकाले बीमितहरुको दावी भुक्तानी गर्ने नीति अवलम्बन गरेको छ ।
कम्पनीले प्रथम त्रैमासिक अवधिसम्ममा रु. १२४.६५ अरव भरपर्दो एवं सुरक्षित क्षेत्रमा लगानी गर्न सफल भएको छ, जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. ९९.४५ अरव मा २५.३४ प्रतिशतको बृद्धि हो । कम्पनीले बीमा समितिको लगानी निर्देशिका बमोजिम सुरक्षित क्षेत्रमा लगानी गर्दै आएको छ । बढ्दो बीमाशुल्क आर्जन र सुरक्षित लगानि बृद्धिले कम्पनकिो वित्तीय क्षमता सुदृढ बनाएको छ ।
कम्पनीको यस त्रैमासिक अवधि सम्ममा विभिन्न जीवन बीमा योजना अन्तर्गत प्राप्त प्रथम बीमाशुल्कको वर्गिकरण यस अनुसार छ ।

कम्पनीको यस त्रैमासिक अवधि सम्ममा विभिन्न जीवन बीमा योजना अन्तर्गत प्राप्त प्रथम बीमाशुल्कको वर्गिकरण यस अनुसार छ ।




(*बीमाङ्कीय मूल्याङ्कन हुन बाँकी)

ख) कम्पनीले विद्यमान प्रतिस्पर्धात्मक अवस्थामा समयानुकुल व्यवसायिक योजना र रणनीति अवलम्बन गर्दै आएको छ । फलस्वरुप, कम्पनीको व्यवसायिक विस्तारमा तीब्रता तथा बीमितहरुलाई उच्च स्तरीय सेवा दिन लक्ष्य अनुरुप उपलब्धी हासिल गर्दै गएको र बाँकी अवधिमा पनि व्यवसाय तथा सेवा विस्तारमा विशेष ध्यान दिने लक्ष्य लिएको छ ।

ग) विगतको अनुभवबाट कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि देखिएको छैन ।

३) कानूनी कारवाही सम्बन्धी विवरण : नभएको ।

४) संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:

क) समिक्षा अवधिमा भएको कम्पनीको शेयर कारोबार वास्तविक र यथार्तपरक रहेको पाएका छौं ।

ख) त्रैमासिक अवधिको शेयर कारोबारको विवरण निम्न बमोजिम रहेको छ ।

| | | | | |
|---|---|---|---|---|
| अधिकतम मूल्य : रु. २,०८५ | न्यूनतम मूल्य : रु. १,५६२ | अन्तिम मूल्य : रु. १,६९५ | कारोबार संख्या : ३,५१७,२४७ कित्ता | कारोबार दिन : ५७ दिन |

५) समस्या र चुनौती: मुलुकमा जीवन बीमा व्यवसाय प्रति सकारात्मक भावनाको विकास भइरहेकोले जीवन बीमालाई सामाजिक सुरक्षा तथा अनुशासित बचतको माध्यमको रुपमा स्थापित गर्न बीमा जागरण अभियानलाई थप ससक्त बनाउन जरुरी छ । दीर्घकालिन लगानीको अवसर न्यून भएकोले परम्परागत लगानीका क्षेत्रहरुमा मात्र लगानी एकीकृत भइरहने हुँदा केन्द्रित जोखिमको अवस्था रहेको छ । यसै गरी दक्ष जनशक्तिको अभावले केही चुनौतीहरु थपिएका छन । कम्पनीले समयानुकुल व्यवसायिक रणनीतिको कार्यान्वयनद्धारा चुनौतीहरुलाई अवसरमा परिणत गर्दै जानेमा विश्वास लिएको छ ।

६) संस्थागत सुशासन: कम्पनीले पारदर्शिता तथा जवाफदेहितालाई प्रथम प्राथमिकतामा राख्दै आएको छ । कम्पनीको अनलाईन कारोबार प्रणालीले आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्न सहयोग पुऱ्याएको छ । कम्पनीले आफ्नो हिसाब किताब सर्वमान्य लेखा सिद्धान्त, नेपाल लेखामान मापदण्ड अनुरुप राख्दै कम्पनीको कारोबारहरुलाई समयमै लेखा परीक्षण गर्दै आएको छ । कम्पनीले आफ्नो आन्तरिक नियन्त्रणलाई सबल बनाउन आन्तरिक लेखा परीक्षकको रुपमा CA Firm लाई outsource गरी प्रत्येक त्रैमासिक अवधिको प्रतिवेदन प्राप्त गरी बीमा समितिमा पठाउने गरिएको छ । कम्पनीले बीमा समितिद्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका बमोजिमका प्रावधानहरु कार्यान्वयन गर्दै संस्थागत सुशासन कायम गर्ने तर्फ व्यवस्थापन दृढ रहेको छ ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण: आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

सुशिल कुमार चौधरी
कार्यवाहक प्रमुख कार्यकारी अधिकृत


रजिष्टर्ड कार्यालय: मेनरोड वीरगञ्ज (पर्सा) प्रधान कार्यालय: कमलादी, काठमाडौं
फोन नम्बर: ९७७-१-४१६९०८२/८३/८५, फ्याक्स नं. ९७७-१-४१६९०७९
www.nepallife.com.np | info@nepallife.com.np


किनकि जीवन अमूल्य छ...